बनेपा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१

चलानी नं.: ४०४६

मिति: २०८१।०२।०९

विषय: निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौं ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।
श्रीमान् प्रमुखज्यू/ श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।
श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।
बनेपा नगरपालिका ।
श्री ... ...शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१ साल जेष्ठ ०६ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कार्यार्थ

श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका । – *वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने ।*

भोला प्रसाद चौपागाईं
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या : ४५

आज मिति २०८१ साल जेष्ठ ०६ गते आइतबार दिनको ३:०० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु गरेको छ ।

-:: उपस्थिति ::-

क.सं.	पद	नाम, थर	दस्तखत
१	प्रमुख	श्री शान्तिरत्न शाक्य	उपस्थित
२	उप प्रमुख	श्री विमला सापकोटा	उपस्थित
३	सदस्य (वडा नं. १)	श्री कमल प्रसाद घिमिरे	उपस्थित
४	सदस्य (वडा नं. २)	श्री रामप्रसाद घिमिरे	उपस्थित
५	सदस्य (वडा नं. ३)	श्री रमेश दाहाल	उपस्थित
६	सदस्य (वडा नं. ४)	श्री श्यामसुन्दर श्रेष्ठ	उपस्थित
७	सदस्य (वडा नं. ५)	श्री बलराम अधिकारी	उपस्थित
८	सदस्य (वडा नं. ६)	श्री सचितानन्द के.सी.	उपस्थित
९	सदस्य (वडा नं. ७)	श्री हिटलर शाक्य	उपस्थित
१०	सदस्य (वडा नं. ८)	श्री शुभलक्ष्मी मानन्धर	उपस्थित
११	का.वा. सदस्य (वडा नं. ९)	श्री मनिषा तामाङ	उपस्थित
१२	सदस्य (वडा नं. १०)	श्री चन्द्रबहादुर खड्का	उपस्थित
१३	सदस्य (वडा नं. ११)	श्री शिवकुमार थापा	उपस्थित
१४	सदस्य (वडा नं. १२)	श्री रामवहादुर कुँवर	उपस्थित
१५	सदस्य (वडा नं. १३)	श्री रामलाल दुवाल	उपस्थित
१६	सदस्य (वडा नं. १४)	श्री टुल्कु लामा	उपस्थित
१७	सदस्य	श्री शुभद्रा बजगाँई	उपस्थित
१८	सदस्य	श्री समिता थापा	उपस्थित
१९	सदस्य	श्री ज्योति बोगटी	उपस्थित
२०	सदस्य	श्री सरिता कुमारी श्रेष्ठ	उपस्थित
२१	सदस्य	श्री द्रौपदा खत्री क्षेत्री	उपस्थित
२२	सदस्य	श्री बिक्रम भुजेल	उपस्थित
२३	सदस्य	श्री कमला परियार	उपस्थित
२४	सदस्य	श्री रबिन्द्र सुनार	उपस्थित
२५	सचिव (प्रमुख प्रशासकीय अधिकृत)	श्री भोला प्रसाद चापागाईं	उपस्थित
२६	प्रशासकीय अधिकृत	श्री ध्रुवराज नेपाल	उपस्थित

छलफलका विषयहरु:

१. योजना सम्बन्धमा

क) समानिकरण बजेट कटौती र योजनाको भुक्तानी सम्बन्धमा

ख) शान्तिपार्क निर्माण डिपिआरका लागि बजेट व्यवस्था सम्बन्धमा,

ग) ६ नं. वडाको खानेपानी योजनाको भुक्तानी माग (कार्की गाउँ खानेपानी योजना, ०७७।०७८, कार्की गाउँ धारा खोला खानेपानी ०७८।७९ र बुडोल खानेपानी मर्मत ०७९।०८०)

२. यस नगरको भगिनी सम्बन्ध भएको सिगात्से नगरका प्रतिनिधि मण्डलको भ्रमण सम्बन्धमा

३. वडा सदस्यहरुको भ्रमण कार्यक्रम सम्बन्धमा

४. नगर क्षेत्रभित्रका विद्यालय समायोजन सम्बन्धमा

५. शिक्षक दरबन्दी मिलान सम्बन्धमा

६. विभिन्न विधेयक स्वीकृत गर्ने सम्बन्धमा

७. विविध

-::निर्णय::-

<table>
<tr><th>नि. नं.</th><th>छलफलका विषय</th><th>निर्णय</th></tr>
<tr><td>१.</td><td>गत बैठकको निर्णय समीक्षा सम्बन्धमा</td><td>बनेपा नगरपालिका, नगर कार्यपालिकाको गत बैठकमा भएको बैठकको कार्य प्रगतिका सम्बन्धमा समीक्षा गरियो ।</td></tr>
<tr><td>२.</td><td colspan="2">योजना सम्बन्धमा</td></tr>
<tr><td>(क)</td><td>डिपिआर सम्बन्धमा</td><td>तपसिल बमोजिमका योजनाको डिपिआर तयार गर्नुपर्ने भएकाले प्रति योजनाका लागि बढिमा रु. ,५,००,०००। मा ननाघ्ने गरी डिपिआर गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।
<table>
<tr><th>क्र.सं.</th><th>वडा नं.</th><th>योजनाको नाम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>११</td><td>शान्तिपार्क निर्माण थप कार्य</td><td></td></tr>
<tr><td>२</td><td>१४</td><td>खाल्चोक मानेडाँडा पर्यटकीय स्थल निर्माण</td><td></td></tr>
</table></td></tr>
<tr><td>(ख)</td><td>अघिल्ला वर्षको योजनाको भुक्तानी सम्बन्धमा</td><td>बनेपा नगरपालिका वडा नं. ६ अन्तर्गतका तपसिल बमोजिमका गतवर्षहरुका योजनाहरुको भुक्तानी माग भई पेश भएका सम्बन्धमा छलफल गर्दा उक्त योजनाहरुको प्राविधिक बाट भएको मूल्याङ्कन बमोजिमको रकम भुक्तानी दिन बाँकी योजना शीर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने निर्णय गरियो ।
<table>
<tr><th>क्र.सं.</th><th>योजनाको नाम</th><th>वडा नं.</th><th>संझौता भएको आ.व.</th></tr>
<tr><td>१</td><td>कार्की गाउँ खानेपानी योजना</td><td>६</td><td>२०७७।०७८</td></tr>
<tr><td>२</td><td>कार्की कार्की गाउँ धारा खोला खानेपानी गाउँ धारा खोला खानेपानी</td><td>६</td><td>२०७८।०७९</td></tr>
<tr><td>३</td><td>बुडोल खानेपानी मर्मतको</td><td>६</td><td>२०७९।०८०</td></tr>
</table></td></tr>
<tr><td>३.</td><td>अतिथि सत्कार तथा व्यवस्थापन सम्बन्धमा</td><td>बनेपा नगरपालिका र मित्र राष्ट्र चीनको स्वशासित क्षेत्र तिब्बत स्थित सिगात्से नगरपालिका बीच भगिनी सम्बन्ध स्थापना भएको २५ वर्ष पुगेको अवसरमा बनेपा नगरपालिकाद्वारा रजत महोत्सव कार्यक्रम आयोजना गर्ने र उक्त रजत महोन्सव कार्यक्रममा सहभागिताका लागि सिगात्से नगरको प्रतिनिधित्व गर्दे मिति २०८१।२।१४ बाट बनेपा भ्रमणमा आउने उच्च स्तरीय प्रतिनिधि मण्डलको व्यवस्थापनका लागि</td></tr>
</table>

बनेपा नगरपालिका
नगर कार्यपालिकाका
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

नि. नं.	छलफलका विषय	निर्णय
		देहाय बमोजिम गर्ने निर्णय गरियो । (क)भगिनी सम्बन्ध स्थापनाको २५ वर्ष पुगेको अवसरमा सांस्कृतिक कार्यक्रम सहितका विभिन्न कार्यक्रमहरु आयोजना गरी रजत महोत्सव कार्यक्रमलाई भव्यताका साथ सुसम्पन्न गर्ने । (ख)रजत महोत्सव समारोहमा सरिक हुन आउनु हुने सिगात्से नगरको प्रतिनिधित्व गरेर आउने उच्च स्तरीय प्रतिधिमण्डको स्वागत तथा बनेपा लगायतका विभिन्न स्थानहरुको अवलोकन भ्रमण एवं अतिथिहरुका लागि उचित आवास र खानपिनका लागि अतिथि सत्कार शीर्षकबाट खर्च हुने गरी आवश्यक प्रबन्ध मिलाउने ।
४.	जनप्रतिधिहरुको अवलोकन भ्रमण सम्बन्धमा	बनेपा नगरपालिकाका सबै वडाका जनप्रतिनिधिहरुको अवलोकन भ्रमणका लागि पेश भएको प्रस्ताव उपर छलफल गर्दा पेश भए बमोजिम मिति २०८१ जेष्ठ १६ बाट हुने अवलोकन भ्रमणको कार्यक्रम स्वीकृत गर्ने । उक्त प्रयोजनका लागि जनप्रतिनिधि अवलोकन भ्रमण शीर्षकबाट खर्च गर्ने गरी कर्मचारीहरु समेत समेट्ने निर्णय गरियो ।
५.	विद्यालय समायोजन सम्बन्धमा	बनेपा नगरपालिका क्षेत्रभित्रका तपसिल बमोजिमका विद्यालयहरू समायोजन गर्न सम्बन्धित वडा स्तरीय शिक्षा समितिको सिफारिस समेतका आधारमा देहाय बमोजिम समायोजन गर्ने निर्णय गरियो । (क)बनेपा नगरपालिका वडा नं. १ स्थित श्री सपनेश्वर मा. वि. मा ईन्द्रशोभा आ. वि., बनेपा-१ समायोजन गर्ने र त्यसरी समायोजन भएको विद्यालयको चल अचल सम्पत्ति, दायित्व, विद्यालयमा अध्ययनरत विद्यार्थी तथा उक्त विद्यालयमा रहनु भएका प्रा. शि. १ शिक्षक र १ कर्मचारी सहित श्री सपनेश्वर मा. वि., बनेपा- १ मा समायोजन गर्ने । (ख)बनेपा नगरपालिका वडा नं. १ स्थित श्री महांकाल आ. वि. मा हाल सञ्चालन भईरहेका कक्षाहरुलाई घटाई कक्षा ३ सम्ममात्र सञ्चालन गर्ने निर्णय गरियो साथै बनेपा नगरपालिका वडा नं. ३ को पत्र साथ प्राप्त उक्त वडाको वडा शिक्षा समितिको मिति २०८१ साल जेष्ठ ४ गतेको निर्णयबाट सिफारिस भई आए बमोजिम उक्त वडामा अवस्थित श्री अरुणोदय आ. वि. मा हाल सञ्चालन भईरहेका कक्षाहरुलाई घटाई कक्षा ३ सम्ममात्र सञ्चालन गर्ने ।
६.	शिक्षक दरबन्दी मिलान सम्बन्धमा	(क) बनेपा नगर कार्यपालिकाको मिति २०८० साल साउन ३१ गतेको निर्णयानुसार श्री गणेश भारती मा. वि., बनेपा- १२ र श्री पञ्चकन्य आ. वि. बनेपा- १२, बीच समायोजन भएको तथा यसै नगर कार्यपालिकाको मिति २०८१ साल बैशाख २७ गतेको निर्णयानुसार गंगादेवी आ. वि. बनेपा ५ श्री आजाद मा. वि., बनेपा- ५ मा समायोजन भएपनि कार्यरत प्रारम्भिक बाल विकास शिक्षक, कर्मचारी, प्रा. शि. र नि. मा. शि. कोटा/दरवन्दी तपसिल अनुसार हुने निर्णय गरियो ।

कोटा/दरवन्दी कटौती विवरण

क्र. सं.	विद्यालयहरुको नाम	कटौती कोटा/दरवन्दी				कैफियत
		इ.सि.डि.	कर्मचारी	प्रा. शि.	नि. मा. शि.	
१.	श्री गंगादेवी आ. वि.	१	१	३	३	
२.	श्री अरुणोदय आ. वि.	०	०	२	०	
३.	श्री महांकाल आ. वि.	०	०	२	०	
४.	श्री इन्द्रशोभा आ. वि.	१	१	३	०	
५.	श्री गणेश भारती मा. वि.	०	०	२	०	
	जम्मा	२	२	१२	३	

(ख) सामुदायिक विद्यालयमा कार्यरत प्रारम्भिक बाल विकास शिक्षक, कर्मचारी, प्रा. शि. र नि. मा.

बनेपा नगरपालिका
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

नि. नं.	छलफलका विषय	निर्णय
		शि. सम्बन्धमा तपसिल अनुसार कोटा/दरवन्दी थप हुने निर्णय गरियो।

कोटा/दरवन्दी थप हुने विवरण

क्र. सं.	विद्यालयहरुको नाम	थप कोटा/दरवन्दी				कैफियत
		इ. सि. डि.	कर्मचारी	प्रा. शि.	नि. मा. शि.	
१.	श्री चण्डेश्वरी सृष्टिकान्त मा. वि.	१	०	१	१	श्री बनेपा आ. वि. बाट गएको प्रा. शि. १ काजलाई पदस्थापन गर्ने र सावित श्री इन्द्रशोभा आ. वि. मा कार्यरत ई.सि.डि १ कायम गर्ने।
२.	श्री प्रभात मा. वि.	०	०	२	१	
३.	श्री बनेपा आ. वि.	०	०	१	०	
४.	श्री काभ्रे बहिरा मा. वि.	०	०	१	०	
५.	श्री शिक्षा सदन मा. वि.	१	०	२	०	सावित श्री गंगादेवी आ. वि. मा कार्यरत ई.सि.डि. १ कायम गर्ने।
६.	श्री जागृति आ. वि.	०	०	१	०	
७.	श्री भक्तेश्वर मा. वि.	०	०	२	१	
८.	आजाद मा. वि.	०	१	१	०	सावित श्री गंगादेवी आ. वि. मा कार्यरत कर्मचारी १ कायम गर्ने।
९.	श्री सपनेश्वर मा. वि.	०	१	१	०	सावित श्री इन्द्रशोभा आ. वि. मा कार्यरत कर्मचारी १ कायम गर्ने।
	जम्मा	२	२	१२	३	

७.	विद्यालय समायोजन सहजिकरण गर्नेमा धन्यवाद ज्ञापन	बनेपा नगरपालिका क्षेत्रभित्रका उपयुक्त विद्यालयहरु समायोजन गर्ने नगरपालिकाको नीति अनुरुप विद्यालय समायोजन गर्न समन्वय, सहजिकरण र सिफारिस गर्नुहुने वडाध्यक्षज्यू, वडा सदस्यज्यूहरु,वडा स्तरीय शिक्षा समिति, सम्बन्धित विद्यालयका प्रधानाध्यापक तथा शिक्षक कर्मचारीहरु र स्थानीय अभिभावकहरुमा आभार व्यक्त गर्ने। साथै आवश्यक र उपयुक्त विद्यालयहरु समायोजनका लागि सबैमा अनुरोध गर्ने निर्णय गरियो।
८.	विविध	
(क)	सहकारी अनुगमन भत्ता सम्बन्धमा	यस नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८०।५।२४ को बैठकबाट सहकारी अनुगमनका लागि निर्णय भएको भत्ता दर देहाय बमोजिम संसोधन गरी सोही बमोजिम उपलब्ध गराउने निर्णय गरियो। क) खाना बापत प्रति व्यक्ति दैनिक रु. ३५०। ख) खाजा बापत प्रति व्यक्ति दैनिक रु. २००। र ग) यातायात खर्च बापत प्रति व्यक्ति दैनिक रु. ४००।
(ख)	खानेपानी समिति दर्ता सम्बन्धमा	बनेपा नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७६बमोजिम बनेपा नगरपालिका वडा नं. १०, रेशम मार्गमा सञ्चालन गर्ने प्रयोजनका लागि डिप बोरिङ बृहत खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ताका लागि पेश भएको निवेदन उपर छलफल हुँदा उक्त कार्यविधि बमोजिम उल्लेखित उपभोक्ता समिति दर्ता गर्ने निर्णय गरियो।

नि. नं.	छलफलका विषय	निर्णय
		शि. सम्बन्धमा तपसिल अनुसार कोटा/दरवन्दी थप हुने निर्णय गरियो।

कोटा/दरवन्दी थप हुने विवरण

क्र. सं.	विद्यालयहरुको नाम	थप कोटा/दरवन्दी: इ. सि. डि.	कर्मचारी	प्रा. शि.	नि. मा. शि.	कैफियत
१.	श्री चण्डेश्वरी सृष्टिकान्त मा. वि.	१	०	१	१	श्री बनेपा आ. वि. बाट गएको प्रा. शि. १ काजलाई पदस्थापन गर्ने र साविक श्री इन्द्रशोभा आ. वि. मा कार्यरत ई.सि.डि १ कायम गर्ने।
२.	श्री प्रभात मा. वि.	०	०	२	१	
३.	श्री बनेपा आ. वि.	०	०	१	०	
४.	श्री काभ्रे बहिरा मा. वि.	०	०	१	०	
५.	श्री शिक्षा सदन मा. वि.	१	०	२	०	साविक श्री गंगादेवी आ. वि. मा कार्यरत ई.सि.डि. १ कायम गर्ने।
६.	श्री जागृति आ. वि.	०	०	१	०	
७.	श्री भक्तेश्वर मा. वि.	०	०	२	१	
८.	आजाद मा. वि.	०	१	१	०	साविक श्री गंगादेवी आ. वि. मा कार्यरत कर्मचारी १ कायम गर्ने।
९.	श्री सपनेश्वर मा. वि.	०	१	१	०	साविक श्री इन्द्रशोभा आ. वि. मा कार्यरत कर्मचारी १ कायम गर्ने।
	जम्मा	२	२	१२	३	

७.	विद्यालय समायोजन सहजिकरण गर्नेमा धन्यवाद ज्ञापन	बनेपा नगरपालिका क्षेत्रभित्रका उपयुक्त विद्यालयहरु समायोजन गर्ने नगरपालिकाको नीति अनुरुप विद्यालय समायोजन गर्न समन्वय, सहजिकरण र सिफारिस गर्नुहुने वडाध्यक्षज्यू, वडा सदस्यज्यूहरु,वडा स्तरीय शिक्षा समिति, सम्बन्धित विद्यालयका प्रधानाध्यापक तथा शिक्षक कर्मचारीहरु र स्थानीय अभिभावकहरुमा आभार व्यक्त गर्ने । साथै आवश्यक र उपयुक्त विद्यालयहरु समायोजनका लागि सबैमा अनुरोध गर्ने निर्णय गरियो ।
८.	विविध	
(क)	सहकारी अनुगमन भत्ता सम्बन्धमा	यस नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८०।५।२४ को बैठकबाट सहकारी अनुगमनका लागि निर्णय भएको भत्ता दर देहाय बमोजिम संसोधन गरी सोही बमोजिम उपलब्ध गराउने निर्णय गरियो । क) खाना बापत प्रति व्यक्ति दैनिक रु. ३५०। ख) खाजा बापत प्रति व्यक्ति दैनिक रु. २००। र ग) यातायात खर्च बापत प्रति व्यक्ति दैनिक रु. ४००।
(ख)	खानेपानी समिति दर्ता सम्बन्धमा	बनेपा नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७६बमोजिम बनेपा नगरपालिका वडा नं. १०, रेशम मार्गमा सञ्चालन गर्ने प्रयोजनका लागि डिप बोरिङ बृहत खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ताका लागि पेश भएको निवेदन उपर छलफल हुँदा उक्त कार्यविधि बमोजिम उल्लेखित उपभोक्ता समिति दर्ता गर्ने निर्णय गरियो ।

<table>
<tr><th>नि. नं.</th><th>छलफलका विषय</th><th>निर्णय</th></tr>
<tr><td>(ग)</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि योजना स्वीकृत गर्ने सम्बन्धमा</td><td>बनेपा नगरपालिका, ११ नं. वडा कार्यालयबाट सिफारिस भई आए बमोजिम चालु आ.व. २०८०।०८१ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत अपाङ्ग अस्पताल हुँदै ११ नं. वडा कार्यालय जोड्ने मार्गको नाली सफाई कार्यक्रम समावेश गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>(घ)</td><td>योजना संसोधन सम्बन्धमा</td><td>चालु आ.व. २०८०।०८१ मा बनेपा नगरपालिका वडा नं. ६ अन्तर्गत स्वीकृत तपसिलको योजना देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।
<table>
<tr><th>क्र.सं.</th><th>साविक योजनाको नाम</th><th>संसोधित योजनाको नाम</th><th>स्वीकृत रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>गोशाइकुण्ड टावर स्तरोन्नति, बनेपा-६</td><td>राम मार्ग ढलान, बनेपा-६</td><td>१०,००,०००।</td><td></td></tr>
</table></td></tr>
<tr><td>(ङ)</td><td>स्वास्थ्य केन्द्र सञ्चालनका लागि कर्मचारी व्यवस्थापन</td><td>बनेपा नगरपालिका वडा नं. १४ मा निर्माण भएको स्वास्थ्य केन्द्र सञ्चालनका लागि उपलब्ध भएसम्मका कर्मचारी खटाउने व्यवस्था मिलाउने निर्णय गरियो ।</td></tr>
<tr><td>(च)</td><td>आर्थिक सहयोग सम्बन्धमा</td><td>बनेपा नगरपालिका, वडा नं. ११ सल्ले स्थित भूमिस्थान मन्दिर सुधार समितिबाट चण्डीपूर्णिमाका अवसरमा सञ्चालन हुने जात्रा व्यवस्थापनका लागि रु. १०,०००। आर्थिक सहयोग गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>(छ)</td><td>स्थानीय पर्व विदा सम्बन्धमा</td><td>आराध्यदेवी माता चण्डेश्वरीको आशन्न जात्रा भव्यताका साथ सम्पन्न गर्न र जात्रामा अधिकाधिक सहभागिता जनाउने उद्देश्यले मिति २०८१ साल जेष्ठ ११ गते शुक्रबारका दिन अत्यावश्यक सेवा बाहेक बनेपा नगरपालिका कार्यालय र अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य केन्द्रहरु र नगर क्षेत्रभित्रका शैक्षिक संस्थाहरुमा स्थानीय पर्व विदा दिने निर्णय गरियो</td></tr>
</table>

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत